# इलाम नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड: ७** **संख्या: ६** **मिति: २०८०/०४/२६**

## भाग २

## इलाम नगरपालिका

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिका, करारमा कर्मचारी व्यवस्थापन गर्ने (चौथो संशोधन) कार्यविधि, २०८० सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## इलाम नगरपालिका, करारमा कर्मचारी व्यवस्थापन गर्ने (चौथो संशोधन) कार्यविधि, २०८०

**कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/०४/२६**
**प्रमाणीकरण मिति: २०८०/०४/२६**

इलाम नगरपालिकाको कार्यपालिकाबाट मिति २०७५/०१/२८ मा स्वीकृत इलाम नगरपालिका, करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७५ मिति २०७५/५/५ मा पहिलो, मिति २०७७/११/२३ मा दोस्रो, मिति २०७८/२/२३ मा तेस्रो संशोधन भई कार्यान्वयन भइरहेको सन्दर्भमा सो कार्यविधिलाई थप व्यवस्थित गर्नका लागि चौथो संशोधन गर्न बाञ्छनीय भएको हुनाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिका, करारमा कर्मचारी व्यवस्थापन गर्ने (चौथो संशोधन) कार्यविधि, २०८० जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम इलाम नगरपालिका, करारमा कर्मचारी व्यवस्थापन गर्ने (चौथो संशोधन) कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रस्तावनामा:** .........प्राविधिक कर्मचारीको रिक्त पदमा.........पछि देहाय बमोजिमको वाक्य थप गर्ने-

र प्रचलित कानुन बमोजिम करारमा नियुक्ति गर्नु पर्ने गरि तोकिएका अन्य पदहरुमा

३. दफा- २(ग) कार्यविधि भन्नाले इलाम नगरपालिका, करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७५ सम्झनु पर्दछ ।

४. **दफा-११ अन्य पदहरुमा पदपुर्ति सम्वन्धी व्यवस्था:**

(१) दफा-३ मा उल्लेखित सेवाका पदहरु बाहेक कानुन बमोजिम करारमा पदपुर्ति गर्नु पर्ने अन्य पदहरुको पदपुर्ति सम्वन्धमा संघीय सरकार वा प्रदेश सरकारबाट छुट्टै कार्यविधिगत ब्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा दफा-५ बमोजिमको समितिले यसै कार्यविधि बमोजिम छनौट तथा सिफारिस गर्नेछ ।

(२) उपदफा-१ बमोजिमका पदहरुको पदपुर्ति सम्वन्धमा नगरपालिकाको छुट्टै कार्यविधिगत व्यवस्था भएकोमा सोही कार्यविधि बमोजिम र कार्यविधिमा व्यवस्था नभएको हकमा यसै कार्यविधि बमोजिम दफा-५ बमोजिमको समितिले छनौट तथा सिफारिस गर्नेछ ।

**आज्ञाले**
गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत